# कोन्ज्योसोम गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

चौघरे, ललितपुर

आ.व.०७६/०७७

च.नं...............

बाग्मती प्रदेश, नेपाल ।


मितिः २०७६।१२।११

## अत्यन्त जरुरी सूचना !

विश्वभर महामारीको रुपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९) को सम्भावित जोखिमबाट सुरक्षित रहन सम्माननीय प्रधानमन्त्री श्री केपी शर्मा ओलीज्यूको मितिः२०७६।१२।०७ गतेको सम्बोधनबाट अति आवश्यक सेवा बाहेकका अन्य सबै सेवाहरु मितिः २०७६।१२।०९ गतेदेखि २०७६।१२।२१ गतेसम्म बन्द गर्ने घोषणा भएको व्यहोरा गाउँपालिकाबासी आमा-बुवा, दाजुभाइ तथा दिदी बहिनीहरु सबैलाई जानकारी नै छ ।

सोही सन्दर्भमा उप-प्रधानमन्त्री तथा रक्षा मन्त्री एवं कोभिड-१९ रोकथाम तथा नियन्त्रण उच्च स्तरिय समन्वय समितिका संयोजक श्री ईश्वर पोखरेल ज्यूको संयोजकत्वमा मितिः २०७६।१२।१० गते बसेको बैठकले मितिः २०७६।१२।११ गते विहान ६:०० बजे देखि २०७६।१२।१८ गते विहान ६:०० बजे सम्म अति आवश्यक सेवा बाहेक अन्य सेवाहरु पुर्णरुपमा बन्द गर्ने भनी आदेश जारी गरेकोले आदरणीय गाउँपालिकाबासी आमा-बुवा, दाजुभाइ तथा दिदी बहिनीहरु सबैलाई अति आवश्यक काममा बाहेक आफ्नो घर बाहिर ननिस्कनु हुन, भिडभाड नगर्नु हुन तथा भिडभाडमा नजानु हुन गाउँपालिका हार्दिक अनुरोध गर्दछ । साथै गाउँपालिकाभित्र सञ्चालनमा रहेका सबै खाद्यान्न पसल, खानेपानी जस्ता अति आवश्यक सेवा बाहेक अन्य होटल व्यावसाय लगायतका सबै पसल हरु बन्द गर्नुहुन समेत अनुरोध गरिन्छ ।

अन्तमाः कोरोना भाइरसको संकमणसँग सम्बन्धित लक्षणहरु देखिएमा वा शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क राख्नुहुन तथा गाउँपालिकाको स्वास्थ्य शाखा र सुरक्षा निकायामा जानकारी गराउनुहुन समेत अनुरोध गर्दछौं साथै यस गाउँपालिका बासीको स्वास्थ्यलाई मध्येनजर गरी यस गाउँपालिकाको एम्बुलेन्स सेवा र गाउँपालिकाले प्रयोग गरिरहेका अन्य चारपाङ्ग्रे सवारी साधनसमेत अति आवश्यक परेको खण्डमा प्रयोग गर्न सकिने व्यहोरा समेत सबै गाउँपालिका बासीमा जानकारी गर्दछौं ।

.........................
(विकाश शर्मा रिजाल)
प्रमुख प्रशासकीय अधिकृत

.........................
(गोपिलाल सिंतान)
गाउँपालिका अध्यक्ष


Telephone:- 01 , E-mail:- ito.konjyosommun@gmail.com,
Website:- www.konjyosommun.gov.np, Facebook:- @kanjyosommun.